बाइबल शिक्षाहरू को श्रेणी



येशू र उहाँका महत्वपूर्ण कामहरूको बारेमा स्व अध्ययन पाठ्यक्रम

# येशू ख्रीष्ट

# येशू ख्रीष्ट

येशू र उहाँका महत्वपूर्ण कामहरूको बारेमा
स्व अध्ययन पाठ्यक्रम

Multi-Language Productions
Bringing the Word to the World

Original text produced by the Institutional Ministries Committee of the Commission on Special Ministries of the Wisconsin Evangelical Lutheran Synod

Copyright 2003

Text adapted by Multi-Language Productions of the Wisconsin Evangelical Lutheran Synod

Printed in 2003

All cover and black and white illustrations are the work of Glenn Myers. Rights to Glenn Myers' illustrations reserved by Northwestern Publishing House.

Scripture taken from "The Holy Bible" Nepali (New Revised Version) Nepali Bible Society 2002.

Book 1

# सूचीपत्र


प्रारम्भमा ............ १

पाठ १: येशूको जन्म ............ ३

पाठ २: येशूको जीवन ............ १५

पाठ ३: येशूको शिक्षाहरू ............ २५

पाठ ४: येशूको मृत्यु ............ ३७

पाठ ५: ख्रीष्ट येशूको विजय ............ ४९

समाप्ति ............ ६१

अध्याय परिक्षाको उत्तरहरू ............ ६२

शब्दकोष ............ ६३

अन्तिम परिक्षा ............ ६५

०२

# प्रारम्भमा

यी अध्यायहरूको उद्देश्य चाहि तपाईलाई येशूको हुनुहुन्थो र उहाँ किन यति धेरै महत्वपूर्ण हुनुहुन्छ? भन्ने सामान्य तथ्य सिक्न मद्दत गर्नु हो।

प्रत्येक पाँच अध्यायहरूको शुरूआत सानो ताराले संकेत* गरेको अध्यायहरूका लक्ष्यहरूबाट शुरू हुन्छ। ती लक्ष्यहरूले तपाईलाई तपाई यस अध्यायके सिक्दैहुनुहन्छ? भन्ने बारेमा बताउँछ। प्रत्येक खण्डको पछि केही प्रश्नहरू सोधिएका छन् र प्रत्येक अध्यायको अंतमा छोटो जाँच छ। यदि तपाईले प्रत्येक अध्याय ध्यानपूर्वक पढ़नुभयो भने तपाई कुनै कठिनाई बिना सबै प्रश्नहरूको उत्तर दिन सक्नु हुनेछ।

प्रत्येक प्रश्नहरूको समूहको अंतमा तपाईलाई पेज संख्या दिइनेछ, जसमा हेरेर तपाई आफ्ना उत्तरहरू जाँच्न सक्नुहुन्छ। ती पेजहरूमा हेर्नुभयो भने तपाईले पेजको सबभन्दा तल उत्तरहरू पाउनुहुनेछ। ध्यानपूर्वक तपाईका उत्तरहरू जाँच्नुहोस, कुनै गल्ती भएमा सुधार्नु होस। अर्को अध्याय अध्ययन गर्नुभन्दा पहिले सबै उत्तरहरू सम्झिराख्नु निश्चित हुनुहोस।

प्रत्येक अध्यायको अंतमा तपाईको प्रयोगको लागी संकेत गरिएको एउटा खण्ड छ, त्यहाँ तपाईले अध्यायमा भएका कथाहरू बाइबलमा कहाँ पाउन सकिन्छ भनेर भन्न सक्नुहुनेछ। यदि तपाई योग्य हुनुहुन्छ भने तपाईको आफ्नो बाइबलबाटै ती कथाहरू पढ्ने कोशिश गर्नुहोस। हामी तपाईलाई निश्चित गराउन चाहान्छौं कि जे बाइबलले सिकाउँछ, ठीक त्यहि यस अध्यायले पनि सिकाउँछ।

पुस्तकको अंतमा अन्तिम जाँच छ। अन्तिम जाँच शुरू गर्नुभन्दा पहिले अध्यायका जाँचहरूको समालोचना गर्नुहोस। जब तपाईले अन्तिम जाँच शुरू गर्नुहुन्छ, तपाईले यस पुस्तक दिने व्यक्तिलाई भेटन सक्नु हुन्छ वा पुस्तकको पछाडी भएको ठेगानामा पत्राचार गर्नसक्नुहुनेछ।

तपाईले अरू पुस्तकहरू पनि मगाउन सक्नुहुनेछ।

परमेश्वरले तपाईलाई येशू ख्रीष्ट को बारेमा अध्ययन गर्न सहायता गरून्। उहाँको बारेमा अध्ययन गर्दाको समयमा परमेश्वरको आशीष भएको होस।

## *अध्याय एक*

# येशूको जन्म

हाम्रो संसारमा धेरै मानिसहरू आदरको माग गर्दछन्। तिनीहरू चित्रकार हुनसक्छन्, जसले हाम्रो लागी हेर्नमा सुन्दर र प्रशंसायोग्य तस्बीरहरू बनाउँछन्। त्यो कुनै शिक्षक पनि हुन सक्छ, जसले हामीलाई प्रेरणा दिन्छ, जसबाट महान् सुआचरण सिक्न सक्छौं। कुनै खेलाडीहरूको समूह हुनसक्छ, जो सदैव भलिबल, फूटबल आदि प्रतियोगिताहरूमा बिजयी हुन्छ। सायद कुनै साथी अथवा छिमेकी पनि हुन सक्छ, जसले तपाईलाई कष्टमा पर्दा मद्दत गरेको थियो।

तर यहाँ एकजना व्यक्ति हुनुहुन्छ, जो सबैभन्दा महान् आदरको योग्य हुनुहुन्छ। तपाईले उहाँलाई जान्नु आवश्यक छ। जहाँ तपाई

अनन्तकाल बिताउनु हुन्छ वहाको ज्ञान माथी भरोसा राख्नु अवश्य छ। त्यो व्यक्ति येशू ख्रीष्ट हुनुहुन्छ। यो पुस्तकले तपाईलाई येशूको बारेमा सिक्न र किन उहाँ हाम्रो आदर खोज्नुहुन्छ? भन्ने बारे सिक्न मद्दत गर्नलाई लेखिएको हो। यो पहिलो अध्यायको अंतमा तपाई योग्यको हुनुहुन्छ।

* भन्नुहोस येशूको माता-पिताहरूको थिए;

* भन्नुहोस "मुक्तिदाता" शब्दको अर्थ के हो;

* उदारण दिनुहोस किन मुक्तिदाता दुवै हुनु पर्‍यो परमेश्वर अनि मानिस;

* उदारण दिनुहोस यसको अर्थहरू के हो। येशू पापवाट बचाउने मुक्तिदाता हुन;

दुई हजार वर्ष अघाडी इस्राएल देशमा परमेश्वरले मरियम नाम भएकी एउटी जवान यहूदी केटीकहाँ गाब्रिएल स्वर्गदूतलाई पठाउनुभयो। यद्यपी उनी कन्या नै भएता पनि गाब्रिएलले उनलाई भने कि तिनी चाँडै आमा बन्नेछिन्। बालकको बुवा परमेश्वर आफै हुनुहुनेछ। त्यो बालक पुत्र हुनेछ र परमेश्वरको पुत्र कहलिनेछ। तिनीले बालकको नाम येशू राख्नेछिन्।

१. परमेश्वरले जवान ........................ नाम भएकी कन्याकहाँ स्वर्गदूत पठाउनु भयो।

२. स्वर्गदूतले मरियमलाई भने कि उनी छिट्टै एउटा सानो बालकको ....................... हुनेछिन्।

३. मरियमलाई बालकको बुवा .................... हुनेछन् भनियो।

४. मरियमले बालकको नाम ......................... राख्नेछिन्।

(पेज नं ६ को सबभन्दा तल हेरी तपाईको उत्तर जाँच्नुहोस)

यूसुफ नाम भएको एक जना मानिससँग मरियमको मगनी भएको थियो। तर उनी अझै कन्या थिइन्। यूसुफले चाँडै नै थाहाँ पाए कि मरियम गर्भवती भएकी छिन्। यूसुफलाई थाहाँ थियो कि उनी बालकको बुवा थिएन। उसले विचार गर्‍यो कि मरियम कुनै मानिससँग सुतिन होलिन, त्यसकारण मरियम सँग बिहे नगर्ने विचार गर्‍यो। तर परमेश्वरले यूसुफकहाँ पनि स्वर्गदूतलाई पठाउनु भयो।

सपनामा स्वर्गदूतले यूसुफलाई भन्नुभयो कि मरियम परमेश्वरको पवित्र आत्मा द्वारा गर्भवती भएकी छन, बालकको बुवा परमेश्वर आफै हुनुहुन्छ। स्वर्गदूतले यूसुफलाई मरियम सँग विवाह गर्नु पर्दछ र येशूको सौतेलो बुवा भएर सेवा गर्नु पर्दछ भने। जव यूसुफ उठे, यूसुफले त्यहि गेर जो स्वर्गदूतले भनेका थिए।

५. स्वर्गदूत .................... कहाँ देखापरे, जसको मगनी मरियमसँग भएको थियो।

६. स्वर्गदूतले यूसुफलाई भने कि मरियमकी बालकको बुवा कुनै मानिस नभएर .......................... आफै हुनुहुन्छ।

७. स्वर्गदूतले यूसुफलाई मरियम सँग विवाह गर्न र येशूको ................................ रूपमा सेवा गर्न भने।

(पेज नं ८ को सबभन्दा तल हेरी तपाईको उत्तर जाँच्नुहोस।)

बालक जन्मनुभन्दा केही समय अघि यूसुफ र मरियम बेथलेहेम भन्ने नगरमा गए। जब तिनीहरू त्यहाँ पुगे, तिनीहरूले त्यहाँ बस्ने ठाउ पाएनन्। अतंमा यूसुफ एउटा गोठ भेट्टाए, जहाँ उनले मरियमलाई रातमा न्यानो राख्न सक्थे। त्यही गोठमा मरियमले बालकलाई जन्म दिइन्, र बालकको नाम येशू राखिन्।

त्यही रात स्वर्गदूतहरूको समूहले गोठालाहरूलाई भने कि त्यहाँ नजिकै गोठमा एक जना विशेष बालकको जन्म भएको छ। यिनीहरूले भने, जन्मनुभएको बालक परमेश्वरबाट पठाउने प्रतिज्ञा गरिएको मुक्तिदाता हुनुहुन्छ। उहाँले संसारलाई सबै पापहरूबाट बचाउनुहुनेछ।

| ? | पेज नं ४-५ को उत्तरहरूः १. मरियम; २. आमा; ३. परमेश्वर; ४. येशू। |
|---|---|



मरियमले बालक येशूलाई लुगाले बेहेर डूँडमा सुताई राखिन् ।

पापको अर्थ परमेश्वरको आज्ञा पालन नगर्नु हो। जब हामी पाप गर्दछौ, हाम्रो पापले हाम्रा स्वतन्त्रता खोसेर कैदी बनाउँछ। यसैले हामीलाई परमेश्वरबाट अलग राख्न ठूलो पर्खाल निर्माण गरेर शैतानिक शक्तिमा राख्दछ। मुक्तिदाताको अर्थ छुटकारा हो, एउटा व्यक्ति जसले कसैलाई भयानक खतराबाट छुटकारा दिलाउँ छ।

त्यस रात जन्मेको बालक धेरै समय पहिले देखि नै हाम्रो मुक्तिदाता येशू हुनुहुन्थ्यो। उहाँ मानिस र परमेश्वरको बीचमा भएको पर्खाल तोडेर हामीलाई बचाउन आउनुभयो। गोठालाहरू स्वर्गदूतले भनेको कुरा साँचो हो कि भनेर हेर्न गए। यिनीहरूले स्वर्गदूतले भनेजस्तै बालक येशूलाई गोठमा भेटटाए।

केही समय पछि टाढा पूर्वको देशबाट ज्योतिषीहरू आए। उनीहरूले आकाशमा नयाँ तारा उदाएको देखेका थिए। बाइबलबाट उनीहरूले थाहाँ पाएका थिए कि नयाँ ताराको अर्थ यहूदीको नयाँ राजा जन्मनु भएको छ। अन्तमा जब उनीहरूले येशूलाई बेथलेहेममा भेट्टाए, तब उनीहरूले उहाँलाई उपहार चढाए। येशू परमेश्वर हुनुहुन्छ भन्ने थाहाँ पाए र तिनीहरूले उहाँको आराधना गरे।

| ? | पेज नं ५-६ को उत्तरहरू: ५. यूसुफ; ६. परमेश्वर; ७. सौतेलो बुवा। |
|---|---|

८. स्वर्गदूतले प्रतिज्ञा गरे जस्तै मरियमले एउटा बालकलाई जन्म दिइन र उहाँको नाउँ ........................ राखिन्।

९. स्वर्गदूतले गोठालाहरूलाई यस बालक परमेश्वरद्वारा पठाउने प्रतिज्ञा गरिएको ............................... हो भने।

१० एउटा मुक्तिदाता त्यो हो जसले अर्को कुनै व्यक्तिलाई खतराबाट ............................... दिलाउँछ।

११. यो मुक्तिदाता येशूले .................. र .................. बीच पापको पर्खाल तोड़नुहुन्छ।

(पेज नं १० को सबभन्दा तल हेरी तपाइको उत्तर जाँच्नुहोस।)

बाइबलले एउटा बिन्दु देखाउँद त्यो हो येशूको पिता परमेश्वर अनि स्त्री मरियम चाहि आमा जस्तो। यसको मतलब येशू परमेश्वर र मनुष्य दुबै हुनुहुन्छ। यथार्थमा बाइबलले हामीलाई बताउँछ कि येशू हाम्रो मुक्तिदाता हुनलाई परमेश्वर र मनुष्य दुबै हुनुभयो।

किन येशू मनुष्य हुनुभयो? बाइबलले बताउँछ कि येशू हाम्रा पापहरू उठाई लैजानलाई आउनु भयो। यसले यो पनि बताउँछ कि हामी हाम्रो पापहरूबाट तब मात्र छुटकारा पाउँछौ, जब कसैको मृत्युद्वारा हाम्रो पापको मोल तिर्छन। मुक्तिदाता मनुष्य हुनुभयो, यसैकारण उहाँ मर्न सक्नुभयो र हाम्रा पापहरू उठाई लैजानुभयो।

१२. येशू ......................... र .................. दुबैको पुत्र हुनुहुन्थ्यो।

१३. परमेश्वर मर्न सक्नु हुन्न, त्यसकारण मुक्तिदाता ..................... हुनुभयो ताकि उहाँ हाम्रो पापको लागी मर्न सक्नुभयो।

(पेज नं १२ को सबभन्दा तल हेरी तपाईको उत्तर जाँच्नुहोस।)

येशू किन परमेश्वर पनि हुनुहुन्थ्यो। बाइबलले बताउँछ कि सम्पूर्ण मनुष्य जाति पापले ग्रस्त र कष्टपूर्ण बिरामीबाट जन्मिएका छन्। यदि येशू मनुष्य मात्र हुनुभएको भए उहाँ पनि अरू मानिसहरू जस्तै भएर जन्मनुहुन्थ्यो होला। यदि साँच्चै यसो भएको भए उहाँले हामीलाई हाम्रो पापहरूबाट बचाउन सक्नुहुने थिएन।

| ? | पेज नं ९ को उत्तरहरूः ८. येशू; ९. मुक्तिदाता; १०. मुक्तगर्नु; ११. परमेश्वर, मानिस। |
|---|---|

तर येशू परमेश्वर पनि हुनुहुन्थ्यो। उहाँले पाप रहित सिद्ध जीवन जीउनुभयो। जब उहाँ क्रूसमा मर्नुभयो, उहाँ आफ्नै पापहरूको लागी मर्नु भएको थिएन, किनकि उहाँमा पाप थिएन्। उहाँ साँच्चिनै हाम्रो पापहरूको लागी मरिरहनुभएको थियो। हो, बेथलेहेममा जन्मनु भएको बालक मानष्य हुनुहुन्थ्यो तर उहाँ परमेश्वर पनि हुनुहुन्थ्यो। मानष्य बन्नु भएको परमेश्वरको पुत्र हामीलाई आवश्यक भएको पापबाट छुटकारा दिने मुक्तिदाता हुनुहुन्थ्यो।

१४. सबै मानिसहरू ....................... भय ग्रस्त भएर जन्मिएका छन्।

१५. येशू .................. हुनुहुन्थ्यो, त्यसकारण उहाँ पाप रहित भएर जन्मनु भयो।

१६. येशूमा कुनै पाप थिएन, उहाँले हाम्रो लागी ................ जीवन जीउनु भयो।

(पेज नं १२ को सबभन्दा तल हेरी तपाईको उत्तर जाँच्नुहोस।)

# अध्याय एकको समालोचना

परमेश्वरले मरियम नाम भएकी एक जवान स्त्री कहाँ उनी मुक्तिदाताको आमा बन्नेछिन्, भन्नलाई स्वर्गदूत पठाउनुभयो। परमेश्वर आफै बालकको बुवा हुनुहुन्थ्यो। मरियमसँग मगनी भएको यूसुफ कहाँ पनि परमेश्वरले स्वर्गदूत पठाउनुभयो। स्वर्गदूतले यूसुफलाई निश्चित गराए कि मरियमको गर्भमा भएको बालक कुनै अरू मानिसको बालक नभएर परमेश्वरको आफ्नै बालक हुन्।

येशूको आमा मनुष्य कन्या थिईन्। उहाँको बुवा परमेश्वर आफै हुनुहुन्थ्यो। यसकारण येशू मनुष्य र परमेश्वर दुबै हुनुहुन्थ्यो। बाइबलले उहाँलाई मनुष्य पुत्र र परमेश्वर पुत्र भन्दछ। उहाँ मनुष्य हुनुभयो र यसरी उहाँ मर्नसक्नु भयो। उहाँ परमेश्वर हुनुहुन्थ्यो, उहाँ पाप रहित भएर जन्मनु भयो र पवित्र जीवन जीउनुभयो। जब उहाँ मर्नुभयो, उहाँ हाम्रो पापको लागी मर्नुभयो। उहाँको आफ्नै पाप थिएन्। परमेश्वर मनुष्य मात्र हाम्रो मुक्तिदाता हुनसक्नुहुन्छ।

| ? | पेज नं १० को उत्तरहरूः १२. परमेश्वर, मानिस; १३. मानिस।<br>पेज नं ११ को उत्तरहरूः १४. पाप; १५. परमेश्वर; १६. पूर्ण |
|---|---|

# अध्याय एकको जाँच

तलका प्रश्नहरूको उत्तर लेख्नुहोसः

१. येशूको आमा ........................................ थिइन्।

२. येशूको बुवा ........................................ हुनुहुन्थ्यो।

३. यूसुफले ................................ को रूपमा सेवा गरे।

४. येशू ...................... र .................. दुबै हुनुहुन्थ्यो।

५. स्वर्गदूतले भने बालक येशू ............................ हुनेछ।

६. मुक्तिदाताको अर्थ त्यो व्यक्ति हो, जुन अर्को कुनै व्यक्तिलाई खतरा वा कैदबाट ......................................दिलाउछ।

७. बालकले हामीलाई ........................ को कैदबाट छुटकारा गर्नुहुनेछ।

८. उहाँ हाम्रो पापको लागी ........................ लाई मनुष्य हुनुभयो।

९. येशू परमेश्वर हुनुहुन्थ्यो, उहाँ ...................... भएर जन्मनुभयो।

१०. उहाँ परमेश्वर हुनुभएको कारण सिद्ध ..................... जीउन सक्नुभयो।

११. जब येशू मर्नुभयो, उहाँ ................. पापको लागी मर्नुभयो, आफ्नै पापको निम्ति होइन।

१२. खाली कोही एक जो दुबै थिए ................. अनि ................. हुन सक्छ उहाँ नै हाम्रो मुक्तिदाता हुनुहुन्छ।

(पेज नं ६२ मा हेरी तपाईको उत्तर जाँच्नुहोस।)

# तपाईंको बाइबल प्रयोगको लागी

यस अध्यायमा सम्मिलित गरिएका कथाहरू बाइबलका तलका ठाउहरूँमा पाउन सकिन्छः

१. स्वर्गदूतले मरियमलाई भेट्दछन्ः *लूका १:२६-३८*

२. स्वर्गदूतले यूसुफलाई भेट्दछन्ः *मत्ती १:१८-२५*

३. येशूको जन्मः *लूका २:१-७*

४. गोठालाहरूः *लूका २:८-२०*

५. ज्योतिषीहरूः *मत्ती २:१-१२*

*अध्याय २*

# येशूको जीवन

सबैलाई थाहाँ हुनुपर्दछ कि साक्ष्य के हुन्छ? कहिले काही साक्ष्य यस्तो हुन्छ कि यसले कुनै व्यक्तिलाई जेलमा राख्न सक्छ। साक्ष्य कुनै चोरिएको सामानमा रहेको औलाको छाप पनि हुदछ, वा अर्को कुनै व्यक्तिले देखेको गवाही पनि हुनसक्छ। साक्ष्यले हामीलाई यो प्रमाणित गर्दछ कुनै कुरा ठीक हो वा झूठो भन्ने प्रमाणित गर्दछ।

साक्ष्यले हामीलाई यो प्रमाणित गर्दछ कि येशू ख्रीष्ट परमेश्वर र मानिस दुबै हुनुहुन्छ। बाइबलले हामीलाई यो साक्षी दिन्छ। एक अध्यायमा हामीले येशूको जन्मको साक्षी सुन्यौ। यस अध्यायमा

हामी येशूको जीवनबाट गवाही हेर्नेछौं। यस पाठको अध्ययनपछि तपाई तलका कुरामा योग्यको हुनुहुनेछ:


* आश्चर्यकर्म के हो आफ्नो शब्दमा लेख;

* आश्चर्यकर्मले येशू परमेश्वर हुनुहुन्थ्यो भन्ने गवाही कसरी दिन्छ, व्यख्या गर्न; र

* येशूको जीवनबाट उहाँ मानिस पनि हुनुहुन्थ्यो भन्ने गवाही दिन।

जब येशू प्रायः तीस वर्षको हुनुहुन्थ्यो, उहाँले परमेश्वरको बारेमा शिक्षा दिन शुरू गर्नुभयो। यूहन्ना नाम गरेको एकजना व्यक्तिले पनि शिक्षा दिदै अनि त्यहि समय बप्तिस्मा दिइरहेको थियो।

येशू त्यहाँ गएर यूहन्नासँग बप्तिस्मा माग्नुभयो। जब उहाँ पानीबाट बाहिर निस्कँदैहुनुहुन्थ्यो, उहाँमाथि एउटा ढुकुर आएर बस्यो। त्यो ढुकुर परमेश्वरको पवित्र आत्मा  हुनुहुन्थ्यो यो देखाउन कि उहाँ परमेश्वरसँग हुनुहुन्छ। तब स्वर्गबाट परमेश्वरको आवाज आयो, "तिमी मेरो प्रिय पुत्र हौ, तिमीसँग म प्रसन्न छु।" (लूका ३:२२)



परमेश्वरले भन्नुभयो, "तिमी मेरो प्रिय पुत्र हौ, जसलाई म प्रेम गर्दछु।" पवित्र आत्मा ढुकुर जस्तै देखा पर्नुभयो।

यसरी परमेश्वरले देखाउनुभयो कि येशू उहाँको पुत्र हुनुहुन्थ्यो। पछिल्ला तीन वर्षको समयमा येशूले धेरै पटक प्रमाणित गर्नुभयो कि परमेश्वरले त्यो दिन भन्नुभएको सत्य थियो। मानिसको साथ साथै उहाँ साच्चै परमेश्वर हुनुहुन्थ्यो।

१. जब येशूले बप्तिस्मा लिनुभयो, तब परमेश्वरको ................... येशूमाथि ढुकुरको रूपमा आउनुभयो।
२. स्वर्गबाट यस्तो आवाज आयो, "तिमी मेरा ......................... हौ।"
३. येशू साँच्चै .................. हुनुहुन्थ्यो भन्ने देखाउन यो परमेश्वरको मार्ग थियो।

(पेज नं २० को सबभन्दा तल हेरी तपाईको उत्तर जाँच्नुहोस।)

येशूले आफै पनि मानिसहरूलाई भन्नुभयो कि उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ। उहाँले यहूदीहरूलाई भन्नुभयो, "पिता र म एक हौ।" उहाँले यी सबै कुराहरू एकान्तमा वा गुप्त तरिकाले भन्नुभएन। अंतमा दावी येशूले आफैलाई परमेश्वर गर्नु भएको कारण पक्राउ पर्नु भयो।

येशूले मानिसहरूलाई उहाँसँग परमेश्वर गजस्तै गरी व्यवहार गर्न दिनुभयो। येशूले मानिसहरूलाई धेरै बखत तिनीहरूलाई उहाँको सहायताको लागी निम्ति प्रार्थना गर्न अनुमति दिनु भयो। एक बखत, जब येशूले एक जना मानिसलाई निको पार्नुभयो, त्यो मानिस फर्केर आयो र येशूको आराधना गरयो। येशूले उसलाई

रोक्नुभएन। यसै गरी एक चोटी सिमोन पत्रुसले जवाव दिए, "तपाई ख्रीष्ट हुनुहुन्छ, जीवित परमेश्वरका पुत्र।" (मत्ती १६:१६) येशूले पत्रुसलाई तिमीले ठीक भन्यो भन्नुभयो।

४. येशूले आफैलाई उहाँ परमेश्वरको ................ हुनुहुन्छ भन्नुभयो।
५. येशू उहाँले आफैलाई .............. भन्नुभएकोले पक्राउ पर्नुभयो।
६. येशूले मानिसहरूलाई उहाँसँग ...............व्यवहार गर्न अनुमति दिनुभयो।
७. जब पत्रुसले उहाँलाई परमेश्वरको पुत्र भने, उहाँले पत्रुसलाई तिमीले ................... भन्यौ भन्नुभयो।

(पेज नं २१ को सबभन्दा तल हेरी तपाईको उत्तर जाँच्नुहोस)

येशू, जसरी उहाँले परमेश्वर हुँ भन्ने दाबी गर्नुभयो त्यो भन्दा धेरै बढी उहाँले गर्नुभयो।  उहाँ साच्चै परमेश्वर हुनुहुन्छ भन्ने कुरा आश्चर्यकर्म द्वारा प्रमाणित गर्नुभयो। आश्चर्यकर्म यस्तो घटना हो, जुन परमेश्वर आफैले गर्नुभएन भने हुनैसक्दैन।
येशूको जीवन आश्चर्यकर्म द्वारा भरिपूर्ण थियो। उहाँले सबै प्रकारका बिरामी र कठिनाईमा परेका मानिसहरूलाई निको पार्नुभयो। अन्धाहरू फेरी देख्न सक्ने भए, बहिराहरूले सुन्न सके, लंगडाहरू हिडन सके र कुष्टरोगीहरू र छालाको रोग हुनेहरूका छालामा स्वस्थ र नरम छाला आए। साथै तीन पटक उहाँले मरेका मानिसहरूलाई पुनःजीवित पार्नुभयो।

उहाँले प्रकृतिलाई नियन्त्रण गर्न अन्य आश्‍चर्यकर्महरू गर्नुभयो। उहाँले समुद्रको आँधीलाई शान्त पार्नुभयो। उहाँले पानीलाई मद्यमा परिणत गर्नुभयो। उहाँले हजारौं मानिसहरूलाई दुई वटा माछा र पाँच वटा रोटीले खुवाउनुभयो। यी आश्‍चर्यकर्म र अन्य धेरै कामहरूले येशू उहाँ आफै परमेश्‍वर हुनुहुन्छ भन्ने प्रमाणित गर्दछ।

८. येशूले परमेश्‍वर हुनु भएको दाबीमात्र गर्नुभएन उहाँको ...... द्वारा उहाँले प्रमाणित गर्नुभयो।
९. आश्‍चर्यकर्म यस्तो हो, जुन ............... आफैले नगरेसम्म हुनसक्दैन्।
१०. येशूले बिरामीहरूलाई निको पार्ने धेरै ................. गर्नुभयो।
११. उहाँले प्रकृतिलाई नियन्त्रण गर्नुहुन्छ भन्ने देखाउन .................... ले अन्य प्रकारका आश्‍चर्यकर्म गर्नुभयो।
१२. येशूले गर्नुभएका सबै आश्‍चर्यकर्मले उहाँ साच्चिनै ..... हुनुहुन्छ भन्ने देखाउँछ।

(पेज नं २२ को सबभन्दा तल हेरी तपाईको उत्तर जाँच्नुहोस)

तर येशू परमेश्‍वर मात्र हुनुहुन्थ्यो। उहाँको शरीर अरू मानिसको जस्तै थियो। उहाँ भोकाउनु हुन्थो, उहाँलाई थकाइ लाग्थ्यो र सुत्नु पर्दथ्यो। येशू रिसाउनुहुन्थ्यो। येशू हाँस्नुहुन्थ्यो र रूनुहुन्थ्यो।

| ? | पेज नं १८ को उत्तरहरूः १ आत्मा; २. पुत्र; ३. परमेश्‍वर। |
|---|---|

बाइबलले भन्दछ उहाँले कुनै पाप गर्नु भएन, त्यस बाहेक सबै प्रकारले उहाँ हामीहरूजस्तै हुनुहुन्थ्यो।

येशूको जीवनको अन्तिम घटनाले पनि उहाँ मानिस हुनुहुन्थ्यो भन्ने प्रमाणित गर्दछ। पृथ्वीमा उहाँको काम समाप्त भएपछि उहाँ मर्नुभयो। यद्यपी उहाँ परमेश्वर हुनुहुन्थ्यो र उहाँ मानिस पनि हुनुहुन्थ्यो। एउटा साँचो मानिस र उहाँको पृथ्वीमा रहँदाको जीवनले देखाउँछ कि उहाँ मानिस हुनुहुन्थ्यो।

१३. येशू परमेश्वर मात्र नभएर उहाँ ..................... पनि हुनुहुन्थ्यो।

१४. येशू भोकाउनु हुन्थ्यो र खाना ................... उहाँ हाँस्नुहुन्थ्यो र .......।

१५. उहाँले कहिल्यै .................. गर्नु बाहेक उहाँ प्रत्येक कुरामा हामीहरू जस्तै हुनुहुन्थ्यो।

१६. येशू अरू मानिसहरू जस्तै .................................. भयो।

१७. येशूको जीवनले देखाउँछ कि उहाँ ................... र ........................... हुनुहुन्थ्यो।

(पेज नं २४ को सबभन्दा तल हेरी तपाईको उत्तर जाँच्नुहोस)

| ? | पेज नं १९ को उत्तरहरू: ४ परमेश्वर; ५. परमेश्वर; ६. परमेश्वर; ७. ठिक। |
| --- | --- |

# अध्याय दुईको समालोचना

येशूको जीवनले छर्लङ देखाउँछ कि उहाँ आफै साँचो परमेश्वर हुनुहुन्थ्यो। जब उहाँले बप्तिस्मा लिनुभयो, परमेश्वरले उहाँलाई आफ्नो पुत्र भन्नुभयो। येशूले पनि आफैलाई परमेश्वर भन्नुभयो। येशूले मानिसहरूलाई पनि उहाँसँग परमेश्वरलाई गरे जस्तै व्यवहार गर्न दिनुभयो। यसकारण त्यहाँ यसको बारेमा कुनै संन्देह थिएन। येशूले धेरै आश्चर्यकर्म गनु भयो जो परमेश्वरले मात्र गर्नु सक्छ।

येशूले प्रत्येकलाई उहाँ साच्चै मानिस पनि हुनुहुन्छ भन्ने कुरा देखाउनु भयो। उहाँले खानुभयो, पिउनुभयो, सुत्नुभयो र रूनुभयो। उहाँ मर्नु पनि भयो। येशूले, उहाँ मानिस र परमेश्वर पनि हुनुहुन्छ भन्ने कुरा छर्लङ देखाउनुभयो। बाइबलले हामीलाई यसको सबै साक्षी दिन्छ।

| ? | पेज नं २० को उत्तरहरू: ८. आश्चर्यकर्म; ९. परमेश्वर; १०. आश्चर्यकर्म; ११. येशू; १२. परमेश्वर। |
|---|---|

# अध्याय दुईको जाँच

तलका प्रश्नहरूको उत्तर लेख्नुहोसः

१. येशूको जन्मले उहाँ ............... र ............... दुबै हुनुहुन्छ भन्ने देखाउँछ।

२. येशूको जीवनद्वारा पनि धेरै प्रकारले उहाँ साँच्चै ............ र ................ दुबै हुनुहुन्छ भन्ने देखाउँछ।

३. जब येशूले बप्तिस्मा लिनुभयो, परेश्वरले भन्नुभयो, "तिमी मेरा ...... हौ।"

४. येशूले पनि आफैलाई .............................. भन्नुभयो।

५. येशूले मानिसहरूलाई पनि उहाँलाई परमेश्वरको जस्तै ............ गर्न दिनुभयो।

६. उहाँ परमेश्वर हुनुहुन्छ भन्ने देखाउन येशूले धेरै ................. गर्नुभयो।

७. एउटा आश्चर्यकर्म यस्तो हो जुन ......................... ले मात्र गर्नसक्नुहुन्छ।

८. बाइबलले यो पनि भन्दछ कि .................. खानु भयो, पिउनुभयो, सुत्नुभयो र रूनुभयो।

९. उहाँको सबै काम समाप्त भएपछि येशू ...............पनि भयो।

१०. यी क्रियाकलापहरूले प्रमाणित गर्दछ कि येशू साँच्चै ............. पनि हुनुहुन्थ्यो।

११. येशूको जीवनले यो देखाउँछ कि उहाँ ............... र .................. दुबै हुनुहुन्थ्यो।

(पेज नं ६२ मा हेरी तपाईको उत्तर जाँच्नुहोस)

# तपाईंको बाइबल प्रयोगको लागी

यस अध्यायमा प्रयोग गरिएका कथाहरू बाइबलका तलका ठाउहँरूमा पाउन सकिन्छः

१. येशूको बप्तिस्माः *मत्ती ३:१३-१७*

२. येशूले आफैलाई परमेश्वर हुँ भन्नुभएकोः *यूहन्ना ४:२५-२६*

३. मानिसहरूले येशूलाई परमेश्वरको जस्तै व्यवहार गरेकोः *यूहन्ना १:४९-५१ र यूहन्ना १२:१-११*

४. येशूका केही आश्चर्यकर्महरूः *मत्ती ८ अध्याय र यूहन्ना ६:१-२४*

५. येशूले उहाँ मानिस हुनुहुन्छ भन्ने देखाउनु भएकोः *लूका ४:१-२; ८-२३, र यूहन्ना १९:२८-३०*

?

पेज नं २१ को उत्तरहरू : १३. मानिस; १४. खानु, रुनु; १५. पाप गर्नु भएन; १६. मर्नु; १७. परमेश्वर; मानिस।

*अध्याय तीन*

# येशूका शिक्षाहरू

धेरै मानिसहरू असाध्यै व्यस्त हुन्छन्। यिनीहरूले काम गर्दछन् र आफ्नो परिवारको हेरचाह गर्दछन्। जब हामी व्यस्त हुँदैनौं, हाम्रो समय कसरी बिताउँछौं? के हामी हाम्रो समय व्यर्थका कुरामा नाश गर्ने?

एउटा व्यक्तिले समयलाई असल बाटोमा प्रयोग गर्न सक्दछ। अहिले तपाई त्यो गर्दैहुनुहुन्छ। तपाईको समयलाई तपाईले येशू ख्रीष्टको बारेमा झन बटी जान्न प्रयोग गर्दै हुनुहुन्छ। उहाँ त्यो व्यक्ति हुनुहुन्थ्यो, जसले पृथ्वीमा समयको उत्तम प्रयोग गर्नुभयो। आउनुहोस्, हामी गहिरिएर हेरौं, येशूले आफ्नो समयमा के

गर्नुभयो? यस अध्यायको अध्ययनपछि तपाई तलका कुराहरूमा योग्यको हुनुहुनेछ:

* भन्नुहोस पृथ्वीमा उहाँले गर्नुभएका सेवकाईका तीन बर्षका येशूका मुख्य कामहरू के के हुन;


* येशूले पश्चात्ताप र पाप क्षमाको बारेमा के सिकाउनुभयो स्पष्ट गर्नुहोस

* स्पष्ट गर्नुहोस भविष्यवक्ता के हो; र

* चिन्न होस महान् भविष्यवक्ता को थियो।

येशूले इस्राएलका सम्पूर्णक्षेत्रमा यात्रा गरेर तीन वर्ष बिताउनुभयो। उहाँले धेरै आश्चर्यकर्म पनि गर्नुभयो र धेरै बिरामीहरूलाई त्यस समयमा निको पार्नुभयो। तर त्यस समयमा उहाँको यो मुख्य काम थिएन। उहाँले भन्नुभयो, "मानिसको पुत्र हराएकोलाई खोज्न र बचाउन आएको हो।" मुख्य कुरा येशूले उहाँको शिक्षा र प्रवचन द्वारा हराएकाहरूलाई खोज्नुहुन्थ्यो।

येशू जहाँ जानुहुन्थ्यो, उहाँले मानिसहरूलाई सिकाउनुभयो। उहाँले तिनीहरूलाई सिकाउनुभएको महत्वपूर्ण शिक्षामा प्रत्येक मानिसहरूले उसले गरेका पापको पश्चात्ताप गर्नुपर्दछ र पाप क्षमा र सहायताको लागी परमेश्वरतिर फर्कनुपर्दछ। यो बाइबलमा



" यीशूले सिकाउनु हुदा मरियमले सुनी रहिन् ।"

भएको पश्चात्तापको अर्थ हो। पश्चात्तापको अर्थ हाम्रा गल्तीहरूको लागी दुःखी हुनु हो। हाम्रो मष्तिष्क, हाम्रो जीवनशैली, लाई बदलेर क्षमा र सहायताको लागी परमेश्वरतिर फर्कनु हो।

तर धेरै मानिसहरूले सोचेका थिए कि तिनीहरू धेरै खराब छैनन् र तिनीहरूलाई परमेश्वरको सहायता र क्षमाको आवश्यकता छैन। यसकारण जब येशू ती मानिसहरू सँग बोल्नुभयो, उहाँले तिनीहरूलाई आफ्ना पापहरू देख्नलाइ कोसिस गर्नुभयो। उनीहरूलाई पाप क्षमा र सहायताको खाँचो छ भन्ने देखाउने कोशिश गर्नुभयो।

१. येशूले पृथ्वीमा तीन वर्षको सेवकाईको समयमा, उहाँको सबैभन्दा महत्वपूर्ण काम ...................... र .................. थियो।
२. येशूले मानिसहरूलाई ............. गर्न र ............... तिर सहायताको लागी फर्कन भन्नुभयो।
३. पश्चात्ताप शब्दको अर्थ आफूले गरेका अपराधको लागी .............. हुनु हो, र ............... र सहायताको लागी परमेश्वरतिर फर्कनु हो।
४. धेरै मानिसहरूले उनीहरूलाई परमेश्वरको ......................... आवश्यक छैन भन्ने विचार गर्दछन्।

(पेज नं ३० को सबभन्दा तल हेरी तपाईको उत्तर जाँच्नुहोस।)

तर येशूले मानिसहरूलाई उनीहरूका पापको बारेमा मात्र सिकाउनु भएन। उहाँले पाप र यसको दण्डबाट बँच्ने एउटै मात्र बाटोको बारेमा पनि बताउनुभयो। उहाँले एक जना मानिसलाई भन्नुभयो, "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, र उहाँले आफ्नो एकमात्र पुत्रलाई दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस, तर त्यसले अनन्त जीवन पाओस्।" (यूहन्ना ३:१६)

अर्को बरखत येशूले भन्नुभयो, "हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु।" (मत्ती ११:२८)

फेरि एक बरखत उहाँले भन्नुभयो, "म द्वारा बाहेक कोही पनि पिताकहाँ जान सक्दैन।" यी शब्दहरूद्वारा येशूले मानिसहरूलाई पश्चात्ताप गर्न र सहायता र अनन्त जीवनको लागी उहाँमा फर्कन शक्ति दिनु भयो।

५. येशूले भन्नुभयो, ................. द्वारा बाहेक कोही पनि पिताकहाँ जान सक्दैन।
६. पश्चात्ताप गर्ने र ..................................... को लागी? तिर फर्कने शक्ति हामीलाई वचनद्वारा आउँछ, जुन येशूले सिकाउनु भयो।

(पेज नं ३१ को सबभन्दा तल हेरी तपाईको उत्तर जाँच्नुहोस।)

येशूले मानिसहरूलाई धर्मपदेश र कथाहरूद्वारा सिकाउनुभयो। उहाँले एउटै समयमा मानिसको ठूलो समूहलाई र एक व्यक्तिलाई सिकाउनुभयो। उहाँले जवान र वृद्धलाई सिकाउनु भयो। तर येशूले आफ्ना वचनहरू बोल्नु भएन। उहाँले भन्नुभयो, "मलाई पिताले सिकाउनुभएका कुराहरू बोल्दछु भनी जान्नेछौ।" (यूहन्ना ८:२८)

त्यो व्यक्ति जसले परमेश्वरले बोल्नुभएको कुरा बोल्दछ, त्यसलाई भविष्यवक्ता भन्दछन्। येशू संसारमा आउनुभन्दा पहिले यहाँ धेरै भविष्यवक्ताहरू थिए। तर उहाँ ती सबैभन्दा महान् हुनुहुन्थ्यो। उहाँले परमेश्वरको संदेश पहिलेका भविष्यवक्ताहरूने भन्दा झन् बढी छर्लङ्ग र अधिकारसहित बोल्नुभयो। अब हामी उहाँका वचन बाइबलमा पढ्दछौ, उहाँ आज पनि हामीहरूसँग छर्लङ्ग हुने गरी बोल्नुहुन्छ।

त्यस बेलाका मानिसहरू र अहिलेका मानिसहरूको लागी येशूको सन्देस एउटै छ: "पश्चात्ताप गर र सुसमाचारमा विश्वास गर।" "म असल गोठालो हुँ। असल गोठालोले आफ्ना भेडाहरूका निम्ति आफ्नो प्राण अर्पण गर्छ।" "त्यो जसले विश्वास गर्छ र बाप्तिस्मालिन्छ, बचाईनेछ।" येशू असल शिक्षक मात्र हुनुहुन्थेन, उहाँ सबैभन्दा महान भविष्यवक्ता हुनुहुन्थ्यो। उहाँ अझै हामीहरूसँग परमेश्वरको वचन बोल्नुहुन्छ।

| ? | पेज नं २८ को उत्तरहरू : १ सिकाउनु, प्रबचनदिनु; २ पश्चात्ताप, परमेश्वर; ३ दुःख, क्षमा; ४ सहायता |
|---|---|

७. येशूले आफ्नो समयमा सबै प्रकारका मानिसहरूलाई .................. व्यथित गर्नुभयो।

८. तर येशूले आफ्नो वचन बोल्नुभएन, उहाँले आफ्नो ................. वचन बोल्नुभयो।

९. त्यो व्यक्ति, जसले परमेश्वरको बोल्दछ .................... भनिन्छ।

१०. येशू असल शिक्षक मात्र हुनुहुन्नथ्यो, तर उहाँ सधैंभरि सबै भन्दा महान् ........................... हुनुहुन्थ्यो।

११. जब हामी ......................... येशूले अझै हामीहरूसँग परमेश्वरको वचन बोल्नुहुन्छ।

१२. येशूको संदेश सधैं एकनासका थिए। तिम्रा पापको ................. गर र सहायता र क्षमाको लागी परमेश्वर तर्फ ......................।

(पेज नं ३२ को सबभन्दा तल हेरी तपाईको उत्तर जाँच्नुहोस।)

| ? | पेज नं २९ को उत्तरहरू : ५ म; ६. येशू, सहायता (अनन्त जीवन)। |
|---|---|

# *अध्याय तीनको समालोचना*

तीन वर्ष येशूले आफ्नो सेवकाई पृथ्वीमा गर्नुभयो। उहाँको मुख्य काम प्रवचन दिनु र सिकाउनु थियो। उहाँको वचनले मानिसहरूलाई पश्चात्ताप गर्ने शक्ति प्रदान गर्दथ्यो। त्यो तिनीहरूका पापका निम्ति पश्चात्ताप गर्नु र अनन्त जीवन र क्षमाको लागी परमेश्वरतिर फर्कनु हो।

बाइबलद्वारा येशूले हामीलाई आज पनि सिकाउनुहुन्छ। तर उहाँ असल शिक्षक मात्र हुनुहुन्थेन। उहाँ सबैभन्दा महान् भविष्यवक्ता हुनुहुन्थ्यो। उहाँले आफ्नै लागी मात्र बोल्नुभएन, उहाँले परमेश्वरको वचन बोल्नुभयो। उहाँका पिताका वचनहरू। परमेश्वरका वचनहरूमा सधैं परमेश्वरको शक्ति हुन्छ। यसै कारण उहाँले हामीमा पश्चात्ताप र विश्वास ल्याउन उहाँ सक्षम हुनुभयो।

| ? | पेज नं ३१ को उत्तरहरू : ७. सिकाउनु; ८. पिता; ९. भविष्यवक्ता; १०. भविष्यवक्ता; ११ बाइबल पढछौ; १२. पश्चात्ताप, फर्कनु। |
|---|---|

# *अध्याय तीनको जाँच*

तलका प्रश्नहरूको उत्तर लेख्नुहोसः

१. येशूले पृथ्वीमा गर्नुभएको सेवकाईका तीन वर्षहरूमा उहाँको धेरै महत्वपूर्ण काम ........................ र ................. थियो।

२. येशूले मानिसहरूलाई ................ र ......... सहायताको लागी फर्कन भन्नुभयो।

३. पश्चात्तापको मतलब एउटा व्यक्तिले आफूले गरेका गल्तीहरूको लागी ..................... र ................... बाट सहायता माग्नु हो।

४. धेरै मानिसहरू तिनीहरूलाई परमेश्वरको ............... आवश्यक छैन भन्ने विचार गर्दछन्।

५. तर येशूले भन्नुभयो, .................... द्वारा बाहेक कोही पनि पिताकहाँ जान सक्दैन।

६. असल समाचार यो हो, येशूले हामीलाई .................. र ................ सहायताको निम्ति .......................... शक्ति दिनुहुन्छ।

७. येशूले आफ्नो समयमा सबै प्रकारका मानिसहरूलाई ............... व्यक्त गर्नुभयो।

८. येशूले आफ्नो वचन बोल्नुभएन, उहाँले उहाँको ............... वचन बोल्नुभयो।

९. त्यो व्यक्ति, जो परमेश्वरको वचन बोल्दछ, ................... भनिन्छ।

१०. येशू असल शिक्षक मात्र हुनुहुन्थेन, तर उहाँ सबै समयको लागी सबैभन्दा महान् .................. हुनुहुन्थ्यो।

११. जब हामी ......................... येशूले अझै हामीहरूसँग परमेश्वरका वचन बोल्नुहुन्छ।

१२. येशूको सन्देस सधै एकैनासको थियोः आफ्ना पापहरूको ............................ गर र परमेश्वरतिर क्षमाको लागी ......................................... ।


(पेज नं ६२ मा हेरी तपाईको उत्तर जाँच्नुहोस।)

# तपाईको बाइबल प्रयोग को लागी

यस अध्यायमा प्रयोग गरिएको कथाहरू बाइबलका तलका ठाउहरूमा पाइन्छन्ः

१. पत्रुसले पश्चात्ताप र येशू कसरी भविष्यवक्ता हुनहुन्थ्यो भन्ने सिकाएः *प्रेरित ३:१७-२६*

२. येशू स्वर्ग जाने बाटो हुनुहुन्छ र परमेश्वरको वचन बोल्नुहुन्छः *यूहन्ना १४:१-११*



*येशूले दुःख भोग्नु भयो अनि सबै मानिसहरूको पापको निम्ति*

## *अध्याय चार*

# येशूको मृत्यु

प्रत्येक कुनै न कुनै कुरादेखि डराउँछन्। सायद तपाई छिट्टै मर्ने कुरा देखि डराउनुहुन्छ। केटाकेटीहरू अँध्यारोदेखि डराउन सक्छन्। एउटा बुवा आफ्नो नोकरी गुमाउनु पर्ने कुरा देखि डराउँछ।

डर साह्रै दुःखदायी विषय हो। डरले हाम्रा बाँच्ने चाहना र शान्तिको हृदयलाई हराइदिन्छ। सायद हामी कहिले काही हाम्रो डर लुकाउने प्रयत्न गर्दछौ।

एकदमै डराउने व्यक्तिले आफ्नो सम्बन्धलाई परमेश्वरसँग सम्बन्धित राख्न सक्छ। हामी कहिले काही अनुभव गर्दछौ कि परमेश्वरको अमूल्य प्रेम र डरले उहाँले हामीलाई दण्ड दिनुहुन्छ। तर येशू हामी सबैलाई परमेश्वरको दण्डबाट छुटकारा दिन आउनुभयो। उहाँले यसलाई सम्भव बनाउनुभयो कि परमेश्वरको डर धेरै मान्ने छैन्। उहाँले हामीलाई विशेष शान्ति दिनुभयो।

यस अध्यायमा हामी कसरी येशूले हाम्रो हृदयबाट डर हटाउनु हुन्छ भन्ने बारेमा हेर्नेछौ। यस अध्यायको अंतमा तपाई योग्यको हुनुहुन्छः

* निस्तारको थुमाले कसरी इस्राएलीहरूको केटाकेटीहरूलाई मृत्युबाट बचायो? व्याख्या गर्नुहोस;

* अनि कसरी येशू हाम्रो निस्तारको थुमा हुनुभयो? र

* भन्नुहोस कसरी येशूले पूजाहारीले गर्ने काम गर्नुभयो?

यहूदीहरूको निस्तार चाडको बेला येशू मर्नुभयो। निस्तार चाड सैयौ वर्ष पहिले यहूदी राज्यलाई मिश्रीहरूको दासत्वबाट कसरी स्वतन्त्र पार्नुभयो भन्ने पवित्र दिन हो। किनकि मिश्री राजाले यहूदीहरूलाई इस्राएलमा आउन नदिएकोले परमेश्वरले एउटा मृत्युको दूतलाई तिनीहरूको जेठो छोरा मार्न पठाउनुभयो।

यहूदीहरूलाई परमेश्वरले एउटा निखोट थुमा मारेर त्यसको रगतले आफ्नो घरको ढोकामाथि पोत्नु भन्नुभएको थियो। तब मृत्युको स्वर्ग दूतले तिनीहरूको घर भएर जानेछ, र कसैलाई मार्ने छैन। थुमाको रगतले वास्तवमा त्यो घरका मानिसहरूको जीवन बचायो।

निस्तार चाडले इस्राएलका मानिसहरूलाई तिनीहरू पनि पापी छन् र कुनै दिन मृत्युको दूतले तिनीहरूको जीवन समाप्त गर्नेछ भन्ने सम्झना गराउँछ। के त्यहाँ कुनै थुमा थियो, जसको रगतले तिनीहरूलाई मृत्युबाट बयाउन सक्थ्यो।

बाइबलले येशूलाई "परमेश्वरको थुमा भन्दछ" (यूहन्ना १:२९)
"संसारको पाप उठाइलैजाने परमेश्वरको थुमा।"
थुमा निस्तारमा मारिनु पर्दथ्यो। यसरी उसको रगतले मानिसहरूलई मृत्युबाट जोगाउन सक्थ्यो। यसै प्रकारले नै येशू मर्नुभयो अनि उहाँको रगतले हामीलाई अनन्तको मृत्युबाट रक्षा गर्दछ। बाइबलले भन्दछ, "येशू हाम्रो निस्तारको थुमा हुनुहुन्छ।" (१ कोरिन्थी ५:७)

१. येशू यहूदीहरूको ......................... भनिने पवित्र चाडको समयमा मर्नुभयो।
२. यो चाडले यहूदीहरूलाई तिनीहरू कसरी दासत्वबाट ....................... को रगतद्वारा बचाइए भन्ने सम्झना गराउँछ।

३. निस्तारले मानिसहरूलाई तिनीहरू पापी छन् र तिनीहरूलाई ............................ बाट जोगाइनु आवश्यक छ भन्ने पनि सम्झना गराउँछ।

४. बाइबलले येशूलाई .....................परमेश्वरको .................................... भन्दछ उहाँले को उठाई लैजानुहुन्छ।

५. येशू ...................... को थुमा जस्तै मर्नुभयो। यसरी उहाँको रगतले हामीलाई ............................ बचाउँछ।

(पेज नं ४३ को सबभन्दा तल हेरी तपाईको उत्तर जाँच्नुहोस।)

निस्तार चाडको हप्ताको बिहिबार राती, येशू र उहाँका मित्रहरूले निस्तार चाँडको भोज येरूशलेमा खाए। पछि त्यहि रात तिनीहरू प्रार्थनाको लागी शान्त ठाँउमा गए। त्यहाँ येशूलाई उहाँको आफ्नै चेलाले उहाँका सत्रुहरूका हात पारे। यहूदीहरूको धार्मिक महासभाले पहिले येशूलाई प्रश्नहरू गरे। यसका नेता, प्रधान पूजाहारीले यो मुद्दा जिम्मा लिए। तर झुटा साक्षीहरूको प्रयोग गरे। येशूलाई चाडै नै मृत्यु दण्ड दिनको लागी उपस्थित गराइयो।

यद्यपी यहूदीहरू स्वतन्त्र मानिसहरू थिएनन्। रोमीहरूले तिनीहरूमाथि शासन गर्दथे। सुक्रबारको बिहानै प्रधान पूजाहारीले येशूलाई रोमी शासक पन्तियस पिलातसकहाँ लगे र येशूलाई मृत्यु दण्ड दिन माग गरे। त्यो रोमी शासकले येशूलाई प्रश्नहरू गरे। तर उहाँलाई पूरै निर्दोष भेट्टाए। येहूदी नेताहरू, बाहिर

मानिसहरूलाई येशू मारिनुपर्छ भन्नको लागी मनाइरहे। अन्त्यमा त्यो शासकले येशूलाई क्रुसमा किला ठोकेर मार्न आदेश दिए।


६. येशू उहाँको आफ्नै एक ................................... द्वारा पक्राइए।

७. प्रधान पूजाहारीले येशूलाई दण्ड दिनको लागी ................................... साक्षीहरूको प्रयोग गरे।

८. रोमी शासकले येशूलाई पूरै ................................... भेट्टाए।

९. तर पनि येशूलाई ......................... मा ................ दण्ड दिइयो।

(पेज नं ४५ को सबभन्दा तल हेरी तपाईको उत्तर जाँच्नुहोस।)



सिपाहीहरूले येशूलाई गिल्ला गरे

येशूलाई शहर बाहिरको डाँडामा लगियो। उहाँलाई त्यो ठाउँमा हात खुटटामा किलाहरू ठोकेर काठको क्रूसमा टाँगियो। अनि उहाँलाई नमरून्जेल सम्म झुण्ड्याइ रहेयो।

येशूरूले प्राण त्याग्नुभन्दा केहीअधि, उहाँले ठूलो सोरमा भन्नुभयो। "अब सिद्धियो" (यूहन्ना १९:३०) आफ्नो रगत बहाएर उहाँले सबै मानिसहरूको पापको दण्डको मोल तिर्नुभयो। निर्दोष निस्तारको थुमा मर्नुभयो। पृथ्वीमा उहाँको काम समाप्त भयो।

येशूको कामको यो अंश पूजाहारीहरूको जस्तै छ। ती दिनहरूमा परमेश्वरले उहाँको कामको लागी पूजाहारीको नियुक्त गर्नुहुन्थ्यो। तिनीहरूको काम मानिसहरूको लागी बलिदान चढ़ाउनु थियो। बाइबलले येशूलाई हाम्रो प्रधान पूजाहारी भन्दछ। उहाँले आफैलाई सबै मानिसहरूको पापको लागी आफैलाई बलिदान गर्नुभयो। यसरी उहाँले हामीलाई अनन्तको मृत्युबाट बचाउनुभयो।

एउटा भविष्यवक्ताले गर्ने काम गर्नु को अतिरिक्त, येशूले हाम्रो पूजाहारीको रूपमा पनि सेवा गर्नुभयो। एउटा चित्रले येशू र निस्तारको थुमालाई देखाउँछ। जब तपाई यस्तो चित्रण हेर्नुहुन्छ,

| ? | पेज नं ३९ र ४० को उत्तरहरू : १. निस्तार; २. थुमा; ३. मृत्यु; ४. थुमा, पाप, संसार; ५. निस्तार, मृत्यु (पाप)। |
|---|---|

यो सम्झनुहोस कि येशू हाम्रो महान् पूजाहारी हुनुहुन्थ्यो। जसले हाम्रो पापको मोल तिर्नलाई आफैलाई बलिदान गर्नुभयो।

१०. येशू .......................... सम्म क्रूसमा झुण्डिनुभयो।

११. येशूलाई थाहा थियो कि उहाँको काम ...................... भयो।

१२. उहाँ यस संसारमा निस्तारको थुमा जस्तै .................... आउनुभयो।

१३. उहाँको मृत्युद्वारा, येशूले ..................... अनन्तको मृत्युबाट बचाउनु भयो।

१४. यस प्रकारले येशूले .............................. को काम गर्नुभयो।

१५. येशू जुन महान् पूजाहारी .................. को दण्ड तिर्न ......................... बलिदान गर्नुभयो।

(पेज नं ४७ को सबभन्दा तल हेरी तपाईको उत्तर जाँच्नुहोस।)

# अध्याय चारको समालोचना

निस्तार चाडको समयमा, येशूले आफ्ना मित्रहरूसंग निस्तारको भोज खानुभयो। केही दिनपछि यहूदीहरूको धार्मिक महासभाले उहाँलाई पक्राउ गऱ्यो। प्रधान पूजाहारीले उहाँलाई मृत्युको दण्ड प्रस्तुत गरे। रोमी शासकलाई येशू पूरै निर्दोष हुनुहुन्छ भन्ने थाहा भएता पनि प्रधान पूजाहारीले येशूलाई मृत्यु दण्ड दिनको लागी रोमी शासकलाई दबाव दिए।

तब येशूलाई क्रूसमा किला ठोकेर मर्नका लागी टाँगियो। उहाँ हाम्रो निस्तारको थुमा हुनुहुन्थ्यो। उहाँको रगत हाम्रा पाप धुनको लागी बग्यो र हामीलाई अनन्तको दण्डबाट बचायो। यस प्रकार येशूले हाम्रो पूजाहारीको रूपमा पनि सेवा गर्नुभयो। आफैलाई हाम्रा पापको लागी बलिदान गर्नुभयो।

| ? | पेज नं ४१ को उत्तरहरु : ६. मित्र; ७. झुटा; ८. पूरै निर्दोष; ९. मार्न, क्रूसमा। |
|---|---|

# अध्याय चारको जाँच

तलका प्रश्नहरूको उत्तर लेख्नुहोसः

१. निस्तार चाड़को पर्वले यहूदीहरू कसरी थुमाको ......................... द्वारा दासत्वबाट बचाइए भन्ने सम्झना गराउँछ।

२. निस्तारको चाड़ले मानिसहरूलाई तिनीहरू पापी थिए र .................... बाट बच्न आवश्यक छ भन्ने पनि सम्झना गराउँछ।

३. बाइबलले येशूलाई परमेश्वरको ............................ भन्दछ उहाँले ...................................... को उठाई लैजानु हुन्छ।

४. येशू ........................ थुमा जस्तै मर्नु भयो र उहाँको रगतले हामीलाई ........................ बाट बचायो।

५. प्रधान पूजाहारीले ....................... साक्षीहरू प्रयोग गरेर येशूलाई दण्ड प्रस्तुत गरे।

६. रोमी शासकले येशूलाई पूरै .............................. पाए।

७. तर पनि येशूलाई ........................ मा ..................... दण्ड दिइयो।

८. येशू निस्तारको थुमा जस्तै ....................... यस संसारमा आउनुभयो।

९. उहाँको मृत्युद्वारा येशूले ...................... अनन्तको मृत्युद्वारा बचाउनुभयो।

१०. येशू भविष्यवक्ता मात्र नभएर उहाँले ...................... को काम पनि गर्नुभयो।

११. उहाँले .................. हाम्रो .................... को लागि बलिदान गर्नुभयो।

(पेज न ६२ मा हेरी तपाईको उत्तर जाँच्नुहोस)

?

पेज नं ४४ को उत्तरहरूः १०. मरून्जेल; ११. समाप्त; १२. मर्न; १३. हामी सबै मानिसलाई; १४. पूजाहारी; १५. सबै मानिस को पाप आफैलाई।

# तपाईंको बाइबल प्रयोग को लागी

यस अध्यायमा समावेस गरिएका कथाहरू बाइबलमा तलका ठाउँमा पाउन सकिन्छः

१. मिश्रमा निस्तार चाडः *प्रस्थान १२:२१-३२*

२. येशू हाम्रो निस्तारको थुमा र हाम्रो पूजाहारीः *यूहन्ना १:२९* र *हिब्रू १०:१०-१४*

३. येशूसँग विश्वासघात, जाँझ-बुझ र मृत्युः *मर्कूस १४:४३ देखि मर्कूस १५:३९ सम्म*

# *अध्याय पाँच*

# ख्रीष्ट येशूको विजय

विद्यालयमा पढ्ने एउटा बालकलाई विद्यालय बर्ष समाप्त हुन कति दिन बाँकी छ भन्ने थाहाँ हुन्छ। जेलमा हुने व्यक्तिले आफूले छुटकारा पाउने दिनहरू गन्ती गरेको हुन्छ।

क्रूसको मृत्युद्वारा येशूले सम्पूर्ण संसारको मोल तिर्नुभयो। तर त्यति मात्र येशूको लागी अन्तिम थिएन। उहाँ फेरि जीवित हुनुभयो र नयाँ जीवनद्वारा हामीसँग सेवा गर्नुभयो। यस अध्यायमा हामी नया जीवनको अर्थ आज हाम्रो लागी के हो भन्ने

अध्ययन गर्नेछौ। यस अध्यायको अध्ययनपछि तपाई तलका कुरामा सक्षम हुनुहनेछ।

* भन्नु होस किन येशू हाम्रा पापहरू साच्चै क्षमा हुन्छन् भन्ने प्रमाणित गर्न फेरि जीवित हुनुभयो भन्न।

* भन्नु होस येशू फेरि जीवित हुनुहुन्छ भन्ने कुराको अर्थ हाम्रो जीवनमा के हुन्छ भन्न।

* वर्णन गर्नु होस येशू अहिले के काम गर्दै हुनुहुन्छ।

* स्पष्ट गर्नुहोस ख्रीष्ट शब्दको अर्थ के हो?

* येशू नै ख्रीष्ट हुनुहुन्छ भन्ने कुरा तीन प्रकारको सूची बनाउन होस।

येशूको मृत्युपछि आइतबार बिहान, त्यहाँ भूकम्प गयो। एउटा स्वर्गदूत चिहानमा ओर्लीआए जहाँ येशूको शरीर राखिएको थियो। स्वर्गदूतले चिहानको मुखमा भएको ढुङ्गो हटाइदिए ताकि सबैले चिहान खाली छ भन्ने कुरा देख्न सकून। येशूका शत्रुहरूले येशूको शरीर चेलाहरूले चोरेर लगे भन्ने आरोप लगाए। तर परमेश्वरले येशूलाई आइतबार बिहान फेरि जीवित हुनुभयो। परमेश्वरले येशूको कष्टपूर्ण काम र मृत्युले साँच्चै तिनीहरूका पापको मोल तिर्नु भएको छ भन्ने देखाउन येशूलाई जीवित पार्नुभयो।

शुरूमा येशूका मित्रहरू के भएको छ भन्ने कुरामा अलमल परे। तर चाँडै येशू तिनीहरू बीचमा देखा पर्नुभयो। उहाँ तिनीहरूसँग कुरा गर्नुभयो, तिनीहरूसँग हिँड्डुल गर्नुभयो र तिनीहरूसँग खानुभयो। उहाँले किला ठोकिएका हात र खुट्टाहरूमा छुन दिएर उहाँ येशू नै हुनुहुन्छ भन्ने प्रमाण दिनुभयो।

१. उहाँको मृत्युपछि आइतबार बिहान, एउटा स्वर्गदूतले येशूको चिहान .................... छ भन्ने देखाउनु भयो।
२. परमेश्वरले येशूलाई ......................... पार्नुभयो।
३. परमेश्वरले, येशूले साँच्चै प्रत्येक .......................... मोल तिर्नुभएको छ भन्ने देखाउन यो गर्नुभयो।
४. पहिलो चोटि येशूका मित्रहरू ...........................।
५. यसै कारण येशू आफै तिनीहरूसँग .......................... । अनि तिनीहरूलाई उसले .......................... गर्नु लगाए।

(पेज नं ५२ को सबभन्दा तल हेरी तपाईको उत्तरहरू जाँच्नुहोस।)

परमेश्वरले येशूको मृत्युद्वारा साँच्चै हाम्रा पापको मोल तिरेको छ भन्ने देखाउन येशूलाई जीवित पार्नुभयो। हाम्रा पापहरू क्षमा गरिएका छन्। अब हामी मृत्युदेखि डराउन आवश्यक छैन। येशूले भन्नुभयो, "म जीवित भएको हुनाले तिमीहरू पनि जीवित रहनेछौ" (यूहन्ना १४:१९) जब हामी मर्नेछौं, येशूको पुनरूत्थान भएजस्तै हाम्रो पनि पुनरूत्थान हुनेछ।

परमेश्वरले हामीलाई अनन्त जीवन दिनुभएको छ। हामी उहाँसँग सदासर्वदाको लागी रहने छौं। उहाँले उहाँमाथि विश्वास गर्ने

प्रत्येकलाई अनन्त जीवन दिने प्रतिज्ञा गर्नुभएको छ। जसरी परमेश्‍वरले येशूलाई मृतकबाट पुनजीवित गर्नुभयो त्यसरी उहाँले हामीलाई  निश्‍चय नै पनि पुनजीवित गर्नुहुनेछ।

६. परमेश्‍वरले येशूलाई येशूको मृत्युले साँच्चै ................ न पुनजीवित पार्नुभयो।
७. येशूले भन्नुभया, "म जीवित भएको हुनाले तिमीहरू पनि ..........................।"
८. जब येशूले हामीलाई फेरि जीवित पार्नुहुनेछ, उहाँले हामीलाई पनि ...................... दिनुहुनेछ।

(पेज नं ५४ को सबभन्दा तल हेरी तपाईको उत्तरहरू जाँच्नुहोस।)

पुनरूत्थान भएको चालीस दिनपछि येशू स्वर्गमा जानुभयो। यरूशलेम नजीकैको डाँडामा उहाँले आफ्ना मित्रहरूलाई आशिष् दिनुभयो र स्वर्गमा जानुभयो। यसलाई उहाँको स्वर्गारोहण भनिन्छ। उहाँको स्वर्गमा फिर्ता प्रस्थान। उहाँ जानुअधि उहाँले आफ्ना चेलाहरूलाई उहाँ आफ्नो पिताकहाँ जादैहुनुहुन्छ भन्नुभयो। "तिमीहरूका निम्ति ठाँउ तयार पार्न म गइरहेछु। अनि गएर मैले ठाँउ तयार पारेपछि म फेरि आउनेछु र तिमीहरूलाई म कहाँ लेजानेछु?" (यूहन्‍ना १४:२,३)

| ? | पेज नं ५१ को उत्तरहरू : १ रित्तो; २. पुनरूत्थान; ३. पाप; ४. अलमल; ५. देखापर्नुभयो, छुन दिनुभयो। |
|---|---|



येशू मृत्युबाट पुनरूत्थान हुनु भयो अनि स्वर्गारोहण हुनु भयो

येशूको कथा यतिकै समाप्त हुँदैन। जब उहाँ स्वर्गमा जानुभयो, उहाँ अलग हुनुभएन। बाइबलले हामीलाई भन्दछ, उहाँ आफ्नो पितासँग त्यहाँ हुनुहुन्छ। यसले भन्दछ अहिले सम्पूर्ण संसारमाथि यसको राजाहरू गएर उहाँ शासन गर्दै हुनुहुन्छ। उहाँ विशेष गरी उहाँको पछि लाग्नेहरू, ईशाईहरूलाई हेर्दैहुनुहुन्छ जो उहाँलाई आफ्नो राजाको रूपमा आराधना गर्दछन्।

बाइबलले यो पनि भन्दछ कि कुनै दिन हाम्रो राजा पृथ्वीमा फर्किनु हुनेछ। जब यस्तो हुनेछ, त्यहाँ महान् न्यायको दिन हुनेछ। मृतकहरू सबै जीवित हुनेछन्। राजाको पछि लाग्नेहरू उहाँको परिवारको रूपमा सदासर्वदाको लागी सम्मिलित हुनेछन् र उहाँका सबै सत्रुहरूलाई उहाँको उपस्थितिबाट अनन्तको दण्डमा फालिनेछ। जब तपाईले येशूले मुकुट पहिरिनु भएको चित्र देख्नुहुन्छ, सम्झनुहोस् कि येशू संसारको राजा हुनुहुन्छ।

९. येशू पुनरूत्थान हुनुभएको चालीस दिनपछि येशू ...................... फर्कनुभयो।

१०. उहाँ त्यहाँ ................. पार्न जानुभयो।

११. स्वर्गमा, येशू हाम्रो ............... रूपमा शासन गर्दैहुनुहुन्छ।

१२. येशू उहाँलाई पछ्याउनेहरूलाई सदासर्वदाको लागी उहाँसँगै लैजान ...................... दिन फर्कनुहुनेछ।

(पेज ने ५६ को सबभन्दा तल हेरी तपाईको उत्तरहरू जाँच्नुहोस।)

| | |
|---|---|
| ? | पेज नं ५२ को उत्तरहरू : ६. हाम्रा पापको मोल तिरेको छ; ७. जीवित; ८. अनन्त। |

बाइबलमा येशू नै ख्रीष्ट हुनुहुन्छ भन्ने नामहरूमा एउटा दिइएको छ। जब येशू जन्मनुभयो, स्वर्गदूतहरूले गोठालाहरूलाई भने "तिमीहरूको निम्ति एउटा मुक्तिदाताको जन्म भएको छ उहाँ ख्रीष्ट प्रभु हुनुहुन्छ।" (लूका, २:११) ख्रीष्ट शब्द यूनानी भाषाको शब्द हो। जसको अर्थ त्यो व्यक्ति, जसको शिरमा तेल खन्याइएको हुन्छ। यसलाई हामी अभिषेक गरिएको पनि भन्दछौं।

अभिषेक गर्नु वा शिरमा तेल खन्याउनु भनेको कसैलाई कुनै कार्यालयमा सपथ ग्रहण गराउनु जस्तै हो। ती दिनहरूमा परमेश्वरका भविष्यवक्ता, पूजाहारीहरू र राजाहरू सबै अभिषेक गरिन्थे। यसले देखाउँछ कि परमेश्वरले तिनीहरूलाई उहाँको दासहरू चुन्नुभयो, उहाँको ख्रीष्ट हुनुहुन्थ्यो।

परमेश्वरले कुनै दिन महान् ख्रीष्ट पठाउने प्रतिज्ञा पनि उहाँले गर्नुभएको थियो। त्यो व्यक्ति येशू हुनुहुन्थ्यो। उहाँ भविष्यवक्ता हुनुहुन्थ्यो। जसले मानिसलाई परमेश्वरको वचन सिकाउनुभयो। उहाँ पूजाहारी हुनुहुन्थ्यो जसले हाम्रा पापहरूको लागी क्रूसमा आफैलाई बलिदान गर्नुभयो। उहाँ हाम्रा राजा हुनुहुन्छ, जो संसारमाथि शासन गर्नुहुन्छ र यसको न्याय गर्न फेरि संसारमा आउनुहुनेछ। उहाँ सबै भविष्यवक्ताहरू, पूजाहारीहरू र राजाहरूभन्दा महान् हुनुहुन्थ्यो। येशू महान् ख्रीष्ट हुनुहुन्थ्यो। परमेश्वरको अभिषेक पुत्र उहाँ ख्रीष्ट हुनुहुन्छ।

१३. यूनानी शब्द ख्रीष्टको अर्थ त्यो व्यक्ति जसको ..............।

१४. यसलाई .................... पनि भनिन्छ।

१५. पुरानो नियममा परमेश्वरले ........................ र ............................ लाई तिनीहरू उहाँको सेवा गर्दछन् भन्ने देखाउन अभिषेक गर्नुहुन्थ्यो।

१६. बाइबलमा येशूलाई .................... पनि भनिन्छ।

१७. उहाँ हाम्रो महान् .................. र ............... हुनुहुन्छ जसलाई परमेश्वरले पठाउने प्रतिज्ञा गर्नुभयो।

(पेज नं ५९ को सबभन्दा तल हेरी तपाईंको उत्तरहरू जाँच्नुहोस।)

?

पेज नं ५४ को उत्तरहरू : ९. स्वर्ग; १०. हाम्रो लागी ठाउँ; ११. राजा; १२. न्याय।

# अध्याय पाँचको समालोचना

आइतबार, उहाँ मर्नु भएको तेस्रो दिन, येशू मृतकबाट जीवित हुनुभयो। उहाँ साँच्चै जीवित हुनुभएको छ भन्ने देखाउन आफ्ना धेरै चेलाहरूकहाँ देखा पर्नुभयो। चालीस दिनपछि उहाँ स्वर्गमा फिर्ता जानुभयो। त्यहाँ उहाँ आफ्ना सारा संसारको राजा भएर शासन गर्दै हुनुहुन्छ। न्यायको दिनमा मृतकहरूलाई जीवित पार्न र उहाँको पछि लाग्नेहरूलाई सदासर्वदाको लागी उहाँसँगै लैजान राजा फेरि आउनुहुनेछ।

ख्रीष्ट शब्दको अर्थ अभिषेक गरिएको, त्यो व्यक्ति जसको सिरमा तेल खन्याइन्छ। भविष्यवक्ताहरू, पूजाहारीहरू र राजाहरू, तिनीहरूलाई परमेश्वरको कामदार हुन भन्ने  देखाउन अभिषेक गरिन्थे। येशू हाम्रो महान् भविष्यवक्ता, पूजाहारी र राजा हुनुहुन्छ। उहाँ परमेश्वरले पठाउन प्रतिज्ञा गर्नुभएको अभिषेक जन हुनुनुन्छ।

# अध्याय पाँचको जाँच

यी प्रश्नहरूको उत्तर लेख्नुहोस:

१. आइतबारको दिन, उहाँको मृत्यु भएपछि परमेश्वरले येशूलाई ..........................।

२. येशूले साँच्चै प्रत्येकको ....................... तिर्नु भएको छ।

३. येशू आफै आफ्ना मित्रहरू कहाँ .................. पर्नुभयो र तिनीहरूलाई उहाँलाई ......................... दिनुभयो।

४. परमेश्वरले येशूको मृत्युद्वारा साँच्चै ........................ भन्ने देखाउन येशूलाई पुनःजीवित पार्नुभयो।

५. येशूले भन्नुभयो, "म जीवित भए को हनाले तिमीहरू पनि ...............................।"

६. जब येशूले हामीलाई जीवित पार्नुहुनेछ उहाँले हामीलाई ............................ दिनुहुन्छ।

७. येशू पुनरूत्थान हुनुभएको चालीस दिनपछि, उहाँ ......................... जानुभयो।

८. उहाँ त्यहाँ ............................ तयार पार्न जानुभएको छ।

९. स्वर्गमा येशूले हाम्रो ..................... रूपमा शासन गर्नुहुन्छ।

१०. येशू ..................... को दिनमा उहाँलाई पछ्याउनेहरूलाई आफूसँगै लैजान फेरि आउनुहुनेछ।

११. यूनानीमा ख्रीष्ट को अर्थ त्यो व्यक्ति जसलाई ................।

१२. यसलाई ............................. पनि भनिन्छ।

१३. पुरानो नियममा परमेश्वरले ........................ र .......................... लाई तिनीहरू उहाँको सेवा गर्दछन् भन्ने देखाउन अभिषेक गर्नुहुन्थ्यो।

१४. बाइबलमा येशूलाई ..................... पनि भनिन्छ।

१५. उहाँ हाम्रो महान् ......................, ......................... र .......................... हुनुहुन्छ जसलाई परमेश्वरले पठाउने प्रतिज्ञा गर्नु भएको थियो।

(पेज ने ६२ मा हेरी तपाईको उत्तर जाँच्नुहोस।)

?

पेज नं ५६ को उत्तरहरू १३. उसको सिरमाथि तेल खन्याईन्थ्यो; १४. अभिषेक; १५. भविष्यवक्ता, पूजाहारी र राजाहरू; १६. ख्रीष्ट १७. भविष्यवक्ता, पूजाहारी र राजा।

# तपाईंको बाइबल प्रयोगको लागी

यस अध्यायमा सम्मिलित गरिएका कथाहरू बाइबलका निम्न ठाँउमा पाउन सकिन्छः

१. येशू फेरि जीवित हुनुभयोः *लूका २४:१-१२*

२. येशू आफै उहाँका मित्रहरूसंग देखा पर्नुभयोः *लूका २४:३६-४९*

३. येशू स्वर्गमा जानुभयोः लुका २४:५०-५३

४. येशूको पुनरूत्थान र न्यायको दिनको अर्थ हाम्रो लागी के होः *१ कोरिन्थी १५:२०-२६*

५. येशू हाम्रो लागी ठाउँ तयार पादै हुनुहुन्छः *यूहन्ना १४:१-४*

# ०२ समाप्ति

बधाई छ : अब तपाईले सबै पाठहरू पुरा गर्नुभएको छ। हामी आशा गर्छौं, तपाईले येशू को हुनुहुन्छ र जब उहाँ पृथ्वीमा हुनुहुन्थ्यो उहाँको कामको बारेमा बढी सिक्नुभयो होला। अब तपाई निश्चित हुन सक्नुहुन्छ कि येशू स्वर्गमा तपाईको राजाको रूपमा फर्किन पर्खिरहनु भएको छ। यसले तपाईलाई उहाँको प्रेम साथै उहाँलाई आदर गर्ने व्यक्ति बनाउछ। एक जना कैदी मान्छे जसको नाम बोब थियो, उनले येशूको बारेमा यो कविता लेखे :

## मेरो सहायक

दश वटा फलामे बारले मलाई थुनेको छ,
ढुङ्गा र फलामको एउटा सानो कोठामा,
आढचालीस फिटको कोठामा;
डर के हो मैले अनुभव गर्छु

मैले चोट र सबै दुखाइ देखे
प्रत्येक दिन यो ठाँउमा
यसै कारण किन म मुस्कुराउन?
कसले मेरो डर हटाइ दिन्छ

हो म यो झ्यालखानामा भएको एउटा कैदी हुँ
तर मेरो हृदयमा तपाई त्यो देख्नुहुन्न,
किनभने त्यहाँ कोही विशेष हुनुहुन्छ
जो यहाँ सधै मसँग हुनुहुन्छ।

यसै कारण म यहाँ छु भनेर नराम्रो न मान्नु होस्
तपाई देख्नुहुन्छ त्यहाँ एउटा असल भाग छ
मसँग मेरो बाइबल र मेरो विस्वास छ,
र येशू मेरो हृदयमा हुनुहुन्छ

उहाँले मलाई झुण्डिनलाई शक्ति दिनुहुनेछ
आशाको अनुहार प्रत्येक दिन
जब केही नराम्रो हुन्छ, म मेरो आँखा बन्द गर्दछु र
जब म प्रार्थना गर्दछु, उहाँलाई देख्दछु।

# ७२ अध्याय परिक्षाको उत्तरहरू

**अध्याय एक को जाँच : (पेज नं १३)**

१. मरियम; २. परमेश्वर; ३. सौतेलो बुवा; ४. परमेश्वर, मानिस; ५. उद्धारकर्ता; ६. छुटकारा; ७. पाप; ८. मृत्यु; ९. पाप; १०. जीवन; ११. हाम्रो; १२. परमेश्वर, मानिस।

**अध्याय दुई को जाँच : (पेज नं २३)**

१. परमेश्वर, मानिस; २. परमेश्वर, मानिस; ३. पुत्र; ४. परमेश्वर; ५. व्यवहार; ६. आश्चर्यकर्म; ७. परमेश्वर; ८. येशू; ९. मर्नुभयो; १०. मानिस; ११. परमेश्वर, मानिस।

**अध्याय तीन को जाँच : (पेज नं ३३-३४)**

१. शिक्षा र प्रचार; २. पश्चाताप परमेश्वर; ३. कथा परमेश्वर; ४. सहायता; ५. मलाई; ६. पश्चाताप, परमेश्वर, सहायता; ७. शिक्षा; ८. पिता; ९. भविष्यवक्ता; १०. भविष्यवक्ता; ११. बाइबल पढ्नु; १२. पश्चाताप, गर्नु।

**अध्याय चार को जाँच : (पेज नं ४६-४७)**

१. रगत; २. मृत्यु; ३. थुमा, पाप, संसार; ४. निस्तार, मृत्यु; ५. झुटा; ६. निर्दोष; ७. मर्नु क्रूस; ८. मृत्यु; ९. हामी सबै मानिस; १०. पूजाहारी; ११. आफै, पापहरू।

**अध्याय पाँच को जाँच : (पेज नं ५८-५९)**

१. पुनरूत्थान; २. पाप; ३. देखापर्नु भयो, छुनु; ४. हाम्रा सबै पापहरूको लागी मर्नुभयो; ५. जीवन; ६. अनन्त; ७. स्वर्ग; ८. हाम्रो लागी ठाउँ; ९. राजा; १०. न्याय; ११. उसको शिरमा तेल खन्याइनु; १२. अभिषेक; १३. भविष्यवक्ता, पूजाहारी, राजा; १४. ख्रीष्ट; १५. भविष्यवक्ता, पूजाहारी, राजा।

# ०२ शब्दकोष

(शब्दहरूको सूची सायद तपाईले जान्नु हुन्न)

**अभिषेक** कोही एक जनालाई कुनै काम गराउनलाई शपथ ग्रहण गएर जस्तै उसको टाउकोमाथि तेल खन्याउनु

**अधिकार** कुनै व्यक्ति अथवा केही वस्तुमाथि अधिकार जमाउनु

**अवज्ञाकारी** आदेश नियमपाल अस्वीकार गर्नु वा चुक्नु

**अनन्तकाल** सदासर्वदा

**अल्मलिनु** अलमल पर्नु, छयासमिस् हुनु

**अवकाश** काम गर्नु छोड्नु

**आश्रित** बिशेष कारणले गर्दा कसैमाथि भर पर्नु

**आश्चर्यकर्म** परमेश्वरले नगरेसम्म कहील्यै पनि नहुने घटना

**इज्जत** आदर गर्नु

**उचित विचार** कोही व्यक्ति अथवा केही चिजको बारेमा राम्रो सोच्नु हो

**कुमारी** कुनै पनि लोग्ने मानिस सँग कहिल्यौ पनि यौन सम्बन्ध नभए कि कन्य

**ख्रीष्ट** यूनानी शब्दमा अभिषेक गरिएको व्यक्ति

**गर्भवती** एउटा स्त्रीको कोखमा गर्भ-धारण हुनु

**चिहान** लासलाई गाड्नको निम्ति प्रयोग गरिने ठाउँ

**तबेला** घोड़ा बाँध्ने ठाउँ

**दण्ड को घोषणा** एक जनाले पाउनु पर्ने दण्डको आज्ञा

**निर्दोर्ष** दोष नभएको; गल्ती नभएको

**निस्तार चाड़** परमेश्वरले यहूदीहरूलाई मिश्रको दासत्वबाट छुटकारा दिनुभएको सम्झनामा मनाइने चाड़

**पवित्र आत्मा** त्रि एक परमेश्वरको तेस्रो व्यक्ति

**पश्चात्ताप** आफूले गरेको पापको निम्ति दुःखी हुनु; आफ्नो मनको र जीउने शैलीसाथै क्षमा र सहायताको निम्ति परमेश्वरमा फर्कनु।

**पाप** परमेश्वरको आदेश पालन नर्गनु

**पूजाहारी** अरू मानिसहरूको तर्फबाट परमेश्वरसँग बलि चड़ाउँने व्यक्ति

**प्रमाणित** केही चीज सत्य वा झूटो जाँच्नु

**प्रतिज्ञा द्वारा बाँधनु** कसैसित विवाह गर्ने प्रतिज्ञा

**प्रेरणा** क. तिनीहरूलेके लेख्नुपर्छ त्यसको लागी परमेशवरबाट प्रेरणा भएको मानिस

ख. हामीहरूलाई असल काम गर्ने शक्ति

**बपतिस्मा** कोही एक जनालाई त्रिएक परमेश्वरको नाममा पानीभित्र डुबाउनु

**बलिदान** परमेश्वरको वेदीमा पशुहरू चढ़ाउनु

**बिद्रोह** झगड़ा गर्नु

**भविष्यवक्ता** परमेश्वरको तर्फबाट आउने सन्देस बोल्ने व्यक्ति

**मसीह** यहूदी भाषामा ख्रीष्टको नाम, प्रतिज्ञा गरिएको मुक्तिदाता

**मुक्तिदाता** कोही एक जना जसले मानिसहरूलाई बचाउँछ

**योग्य** योग्यको हुनु वा उपयुक्त हुनु

**स्वर्गदूत** परमेश्वरको सन्देश-वाहक

**सम्पादन** कुनै पनि काम गर्नु वा कार्य सम्पादन गर्नु

**सम्बन्धी** तपाई र एकको मानिसहरूको बीचमा हुनुपर्ने सम्बन्ध

**सौतेला बुवा** एउटा मानिस जसले एउटी स्त्रीलाई विवाह गर्छ अनि उसको नानीहरूलाई आफ्नै जस्तो सम्झो हेरचाह गर्छ

**साक्षी** तपाईले जो सुन्नु र देख्नुभयो त्यसको वारेमा बताउनु

**क्षमताहीन** एक जना जो सँग कमजोरीहरू हुन्छन् र उसले त्यो गर्न सक्दैछन

# ०२ अन्तिम परिक्षा

तपाईले अध्यायका जाँचमा केही गल्तीहरू गर्नु भएको छ भने त्यसलाई सच्याउनुहोस्। प्रत्येक अध्यायका सुरूमा ताराले (*) संकेत गरेको पाठहरूको लक्ष्यहरू पनि पुनरावलोकन गर्नुहोस्। जब तपाई यी सबै निश्चय गही जान्नुहुन्छ, अब तपाई यो परीक्षा दिन तयार हुनुहुन्छ।

यो अन्तिम परीक्षा पुस्तक नहेरीकन पूरा गर्नुहोस। जब तपाई यो पूरा गर्नुहुन्छ तपाईलाई यो पुस्तक दिने व्यक्तिलाई भेटेर यो परिचिय-पत्र दिनुहोस्। अथवा पुस्तकको पछाडिको ठेगानामा पत्राचार गर्नुहोस्। तपाई यस बाइबल अध्ययन श्रेणीको अन्य सामाग्रीहरू पनि मगाउन सक्नुहुनेछ।

७२

येशू ख्रीष्ट
## अन्तिम परिक्षा

१. येशूकी आमा ....................... हुनुहुन्थ्यो, यसैले येशू ....................... हुनुहुन्थ्यो।
२. येशूको पिता ....................... हुनुहुन्थ्यो, यसैले येशू ....................... हुनुहुन्थ्यो।
३. येशू मानिस हुनुहुन्थ्यो, यसरी उहाँले ....................... सक्नुभयो।
४. येशू परमेश्वर हुनुहुन्थ्यो यसकारण उहाँले....................... सक्नुभयो।
५. उद्धारकर्ता शब्दको अर्थ त्यो व्यक्ति जो कसैलाई ....................... जो खतरामा छ।
६. येशूले हामीलाई ....................... को कैदबाट छुटकारा गर्नुहुन्छ।
७. आश्चर्यकर्म त्यो हो जुन ....................... ।
८. येशूले गर्नुभएको आश्चर्यकर्म येशू ....................... भन्ने प्रमाणित गर्दछ।
९. येशूले प्रमाणित गर्नुभयो कि उहाँ मानिस पनि हुनुहुन्थ्यो, यहाँ र तथापि ....................... अरू मानिसको जस्तै थियो।
१०. तीन वर्षको उहाँको सेवकाईको समयमा, येशूको मुख्य काम ....................................................... थियो।
११. सबै मानिसहरूको लागि उहाँको मुख्य सन्देस उनीहरूल ....................... गर्नु र फर्कनु पर्दछ भन्ने थियो।

१२. भविष्यवक्ता त्यो व्यक्ति हो जो ......................
........................... बोल्दछ।

१३. येशूले परमेश्वरको वचन प्रत्यक्ष्य रूपमा बोल्नुभयो, उहाँ महान् हुनुहुन्छ ........................।

१४. मिश्रमा ...................... को रगतले इस्राएलका मनिसहरूलाई मृत्युबाट बचायो।

१५. येशू आफैले कुनै अपराध गर्नु भएन तर उहाँ ...................... बचाउन मर्नुभयो।

१६. यसकारण कि यहाँ हाम्रो ...................... हुनुहुन्थ्यो।

१७. पुरानो नियममा त्यो मानिस जो बलिदान चढाउने कार्य गर्दथ्या ...................... भनिन्थ्यो।

१८. येशू ................................. पनि हुनुहुन्छ किनकि उहाँले क्रूसमा बलिदान गर्नुभयो।

१९. तर येशूको मृत्युपछि, उहाँ तीन दिनपछि ...................... पनि भयो।

२०. परमेश्वरले येशूको मृत्युद्वारा साँच्चै हाम्रा पापको ...................... यसो गर्नुभयो।

२१. जसरी येशू पुनःजीवनमा आउनुभयो, हामी जान्दछौं कि हामी पनि ...................... हुनेछौं।

२२. चालीस दिनपछि येशू ...................... मा फिर्ता जानुभयो।

२३. त्यहाँ अहिले उहाँ ...................... को रूपमा शासन गर्दैहुनुहुन्छ।

२४. कुनै दिन उहाँ ................................ रूपमा फिर्ता आउनुहुनेछ।

२५. ख्रीष्ट शब्दको अर्थ ................................।

२६. यो प्रथा ......................., ....................... र ....................... लाई पुरानो नियममा गरिएको थियो।

२७. येशूलाई ख्रीष्ट भनिन्छ किनकि उहाँ हाम्रो महान् ......................., ....................... र ....................... हुनुहुन्छ।

कृपया निम्न ठाउँमा तपाईको नाम र ठेगाना **लेख्नुहोस्**।

**नाम** ...................................................................

**ठेगाना** ...............................................................

...........................................................................

...........................................................................

कृपया यस पुस्तकको बारेमा तपाईको प्रतिक्रिया हामीलाई लेख्नुहोस्।

...........................................................................

...........................................................................

...........................................................................

...........................................................................

...........................................................................

Multi-Language Productions
Bringing the Word to the World

**Jesus the Christ-Nepali**
**Bible Teachings Series**
**MLP Catalog Number: 387432**